आज मिति २०७७/०१/३० गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा District Covid-19 Crisis Management Center (DCCMC) को बैठक बसि देहायको उपस्थितिमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

## उपस्थिति:

सल्लाहकार :

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | कृष्णगोपाल तामाङ | प्रमुख | जिल्ला समन्वय समिति | ९८५१०८७४१० | |
| २. | अमान सि तामाङ | प्रमुख | चौतारा साँगाचोकगढी नगरपालिका | ९७५१२५४४२४ | |

समिति:

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | उमेश कुमार ढकाल | प्र.जि.अ/संयोजक | जिल्ला प्रशासन कार्यालय | ९८५१२५७७७७ | |
| २ | सुशील महत | प्र.से | गोरख बक्स गण | ९८५७८३३३४७ | |
| ३ | प्रज्वल महर्जन | प्र.उ | जिल्ला प्रहरी कार्यालय | ९८५१२५५५५५ | |
| ४ | राजु पाण्डे | स.प्र.उ | सशस्त्र प्रहरी बल नेपाल | ९८५१२७२११२ | |
| ५ | बाबुराम खनाल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय | ९८५१२४३०८४ | |
| ६ | अरुण कार्की | प्र.अ.अ | राष्ट्रिय अनुसन्धान जि.का | ९८४१७०६२२१ | |
| ७ | महेन्द्र नाथ भट्टराई | नि.जि.स.अ | जिल्ला समन्वय समिति | ९८५११४३२६३ | |
| ८ | दुर्गादत्त चापागाई | व.ज.स्वा.अ | स्वास्थ्य कार्यालय | ९८५१२०१०२६ | |
| ९ | डा.अमित प्रजापति | नि.मे.सु | चौतारा अस्पताल | ९८६५०६८२४६ | |

निर्णयहरु :

१. नेपाल सरकार, कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी, काठमाडौको च.नं.३० मिति २०७७/०१/३० को पत्र बैठकमा पढीबाची सुनियो । COVID-19 को संक्रमण व्यवस्थापन गर्न मेडिकल अपरेशनका लागि आवश्यक पर्ने सूचना पठाउँदा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला स्वास्थ्य कार्यालय प्रमुख, मेडिकल सुपरिटेण्डेन्ट र सबै सुरक्षा निकायका प्रमुखहरुको उपस्थितिमा बैटक बसी निर्णय प्रमाणित गरि पठाउने निर्णय गरियो ।

२. प्रत्येक बर्ष नेपालमा भित्रिने मनसुनका कारणले हुन सक्ने बाढी, पहिरो, डुबान तथा चटयाङ जस्ता प्रकोपबाट मानवीय एवं भौतिक क्षति कम गर्न मनसुन पूर्वतयारीमा जुट्न तथा गतवर्ष झैं यस बर्ष पनि मनसुनबाट उत्पन्न प्रकोप न्यूनिकरण एवं प्रतिकार्यका लागि तयार गरिएको मनसुन तथा कोभिड-१९ बाट उत्पन्न हुने एवं प्रतिकार्यको लागि रणनिति एवं कार्यनिति मनसुन कार्ययोजना तथा कोभिड-१९ रोकथाम तथा नियन्त्रण कार्ययोजना, २०७७ लाई यसै बैठकबाट स्विकृत गर्ने निर्णय गरियो ।

३. कृषि उपज ढुवानी तथा बिक्री बितरणको लागि सवारी पास आवश्यक भएको भनि माग भएमा कृषि उपसमितिको सिफारीसमा स्वास्थ्य कार्ययोजना र ढुवानी कार्ययोजना तयार भईआएको अवस्थामा प्रशासकीय अधिकृत श्री रामकृष्ण घिमिरेलाई पास उपलब्ध गराउन जिम्मेवारी दिने निर्णय गरियो ।

४. यस जिल्लाको बलेफि गाउँपालिका अन्तर्गत जलबिरे PHC मा स्थापना गर्ने भनिएको आइसोलेशन कक्षको लागि आवश्यक सामाग्री तथा उपकरण उपलब्ध गराइदिन बागमती प्रदेश सामाजीक विकास मन्त्रालयलाई स्वास्थ्य कार्यालयले अनुरोध गरी पठाउने निर्णय गरियो ।

५. हाललाई जिल्लाका विभिन्न शहरी क्षेत्रमा मोटरसाइकल, साना सवारीहरुको आवागमन बढी देखिएकोले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले आवश्यक नियन्त्रण गरी लकडाउनलाई प्रभावकारी बनाउने । त्यस्तै एम्बुलेन्सहरुले यात्रुहरु बोक्ने गरेको गुनासो आएकोले निगरानी गरी कारवाही गर्ने निर्णय गरियो ।